श्री ५ को सरकार
सूचना तथा सञ्चार मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (२) को प्रयोजनको लागि नेपाल दूरसञ्चार प्राधिकरणको सिफारिशमा निश्चित क्षेत्रभित्र मात्र सीमित रहने ताररहित टेलिसञ्चारमा आधारित Limited Mobility सेवा तोकेको छ ।

सूचना २

श्री ५ को सरकारले दूरसञ्चार नियमावली, २०५४ को नियम ३५ ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार प्राधिकरणको सिफारिशमा सोही नियमावलीको,-

(१) अनुसूची-६ को सि.नं. १० क. पछि देहायको सि.नं. १० ख. थपेको छ:-

"१० ख. निश्चित क्षेत्रभित्र मात्र सीमित रहने ताररहित टेलिसञ्चारमा आधारित Limited Mobility सेवा

(क) काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्ला अन्तर्गतको एरिया कोड भित्र-----रु ६०,००,०००।-
(ख) मोरङ्ग, सुनसरी, धनुषा, चितवन, पर्सा, रुपन्देही, कास्की, बाँके र कैलाली प्रत्येक जिल्ला (आफ्नै एरिया कोड भित्र) को लागि प्रति जिल्ला---------रु. ३,००,०००।-
(ग) खण्ड (क) र (ख) बाहेकका अन्य जिल्ला (आफ्नै एरिया कोड भित्र) को लागि प्रति जिल्ला---------------------------------------------------रु. २,५०,०००।-"

(२) अनुसूची-७ को सि.नं. २१ क. पछि देहायको सि.नं. २१ ख. थपेको छ:-

"२१ ख. निश्चित क्षेत्रभित्र मात्र सीमित रहने ताररहित टेलिसञ्चारमा आधारित Limited Mobility सेवा

(क) काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्ला अन्तर्गतको एरिया कोड भित्र----रु ५४,००,०००।-
(ख) मोरङ्ग, सुनसरी, धनुषा, चितवन, पर्सा, रुपन्देही, कास्की, बाँके र कैलाली प्रत्येक जिल्ला (आफ्नै एरिया कोड भित्र) को लागि प्रति जिल्ला---------रु. २,७०,०००।-
(ग) खण्ड (क) र (ख) बाहेकका अन्य जिल्ला (आफ्नै एरिया कोड भित्र) को लागि प्रति जिल्ला---------------------------------------------------रु. २,२५,०००।-"

खण्ड ५३, संख्या ४१, मिति २०६० साल माघ १२ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १, २ र ३ खारेज गरिएको छ ।

आज्ञाले,

सुरेश मान श्रेष्ठ
श्री ५ को सरकारको नि. सचिव

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, साउन १४ गते २०६४ साल (संख्या १६


## भाग ५

नेपाल सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

नेपाल सरकारले दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (२)ले दिएको अधिकार प्रयोग गरी देहायको दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरी सोको संख्या, अनुमतिपत्र दस्तूर, नवीकरण दस्तूर र प्रक्रिया देहाय बमोजिम तोकेको छः-

क) दूरसञ्चार सेवाको किसिमः ग्रामीण दूरसञ्चार सेवा

ख) दूरसञ्चार सेवा सञ्चालन गर्ने क्षेत्रः नेपालभर (पूर्वाञ्चल विकास क्षेत्र बाहेक)

ग) प्रदान गरिने अनुमतिपत्रको संख्याः १ (एक)

घ) अनुमतिपत्र दस्तूरः पाँच वर्ष अवधिको लागि रू. १,००,०००।- (एक लाख)

ङ) नवीकरण दस्तूरः अनुमतिपत्र नवीकरण गर्नुपर्ने मितिको अघिल्लो आर्थिक वर्षमा अनुमतिपत्र प्राप्त व्यक्तिले गरेको वार्षिक कूल अम्दानीको चार प्रतिशतले हुने रकम भन्दा नबढ्ने गरी नेपाल दूरसञ्चार प्राधिकरणले तोकि दिए बमोजिमको दस्तूर।

च) अनुमतिपत्र प्रदान गर्दा अपनाइने प्रक्रियाः खण्ड (क) मा उल्लिखित दूरसञ्चार सेवा सञ्चालनका लागि अनुमतिपत्र प्राप्त गर्न चाहने व्यक्तिहरूबाट नेपाल दूरसञ्चार प्राधिकरणले अनुमतिपत्रको लागि निवेदन दिने म्याद तोकी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

द्रष्टव्यः नेपाल दूरसञ्चार प्राधिकरणले दिएको म्यादभित्र पर्न आएका निवेदनहरूको मूल्याङ्कन गर्दा योग्य देखिएका निवेदनवालाहरू मध्ये सबैभन्दा कम अनुदान रकम लिई दूरसञ्चार सेवा सञ्चालन गर्न इच्छुक कुनै १ (एक) निवेदकलाई मात्र ग्रामीण दूरसञ्चार सेवा सञ्चालन गर्न पाउने अनुमतिपत्र प्रदान गर्नेछ ।

आज्ञाले,
शंकरप्रसाद कोइराला
नेपाल सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.द.नं.१६।०६२।६३

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७ ) काठमाडौं, भदौ १० गते २०६४ साल ( संख्या २०


## भाग ५

### नेपाल सरकार
### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

नेपाल सरकारले दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहायको दूरसञ्चार सेवा संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरी सो सेवाको लागि अनुमतिपत्र संख्या, अनुमतिपत्र दस्तूर, अनुमतिपत्र नवीकरण दस्तूर, सेवा विस्तार गर्ने प्रकृया एवं क्षेत्र, निवेदकको योग्यता तथा अनुमतिपत्र प्रदान गर्दा अपनाइने प्रकृया देहाय बमोजिम तोकेको छः-

क) दूरसञ्चार सेवाको किसिमः आधारभूत दूरसञ्चार सेवा (Basic Telecommunications Services).

स्पष्टीकरणः "आधारभूत दूरसञ्चार सेवा (Basic Telecommunications Services)" भन्नाले स्थानीय टेलिफोन सेवा (स्थिर वा एउटै चार्जिङ एरियाभित्र संचालन गरिने मोबाइल अर्थात लोकल मोबिलिटी भएको सेवा समेत), अन्तरदेशीय टेलिफोन सेवा, अन्तर्राष्ट्रिय टेलिफोन सेवा, लिज लाइन, नेटवर्क सेवा र डाटा सेवालाई समेत बुझिनेछ ।

नोटः- अन्तर्राष्ट्रिय टेलिफोन सेवा संचालनको लागि पूर्व स्वीकृति लिनु पर्नेछ ।

ख) प्रदान गरिने अनुमतिपत्र संख्याः १ (एक)

ग) अनुमतिपत्र दस्तुरः रू. २५,००,०००।- (पच्चीस लाख रूपैयाँ)

घ) अनुमतिपत्र नवीकरण दस्तुरः रू. २२,५०,०००।- (बाइस लाख पचास हजार रूपैयाँ)

ङ) सेवा विस्तार गर्ने प्रक्रिया एवं क्षेत्रः अनुमतिपत्र प्राप्त व्यक्तिले देहायका क्षेत्रमा देहायका शर्त बमोजिम दूरसञ्चार सेवा संचालन गर्न पाउनेछः-

१) अनुमतिपत्र प्राप्त गरेको मितिले बढीमा १५ (पन्ध्र महिनाभित्रमा मुख्य नेटवर्क (PSTN/WLL/ILD) मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा स्थापना गरी सो क्षेत्रका प्राधिकरणले तोकेको २७३ गाउँ विकास समितिहरूमा प्रत्येक गाउँ विकास समितिमा कम्तीमा २ लाइन सेवा स्थापना र संचालन गर्ने र उक्त विकास क्षेत्रका ५० प्रतिशत नगरपालिका र ५० प्रतिशत गाउँ विकास समितिमा माग गरेका बखत टेलिफोन सेवा दिन सक्ने गरी नेटवर्किङ्ग कार्य सम्पन्न गर्नुपर्ने ।

२) अनुमतिपत्र प्राप्त गरेको मितिले बढीमा ३०(तीस) महिनाभित्रमा मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा खण्ड (१) बमोजिम Network Coverage पूरा गरे पछि मात्र पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका ग्रामीण तथा शहरी क्षेत्रमा समान ढंगले दूरसञ्चार सेवा विस्तार गर्न पाउने ।

३) सुदूर पश्चिमाञ्चल विकास क्षेत्र र पश्चिमाञ्चल विकास क्षेत्रका सबै गाउँ विकास समितिहरूमा र नगरपालिकाहरूमा माग गरेका बखत टेलिफोन सेवा उपलब्ध गराउन सक्ने नेटवर्किङ्ग क्षमता स्थापना गरी सकेपछि मात्र नेपालका अन्य विकास क्षेत्रमा सेवा विस्तार गर्न पाउने ।

४) खण्ड (१) बमोजिम प्राधिकरणले तोकेको २७३ गाउँ विकास समितिहरूमा प्रत्येक गाउँ विकास समितिमा कम्तीमा २ लाइन टेलिफोन सेवा स्थापना र संचालन गरेपछि अलग स्वीकृति लिई आफ्नै अन्तर्राष्ट्रिय गेटवे एक्स्चेन्ज स्थापना गरी अन्तर्राष्ट्रिय टेलिफोन (ILD) सेवा उपलब्ध गराउन पाउने ।

च) निवेदकको योग्यता: यस सूचना बमोजिम अनुमतिपत्र लिन चाहने निवेदकको न्यूनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछः

१) दूरसञ्चार सेवा सम्बन्धी प्राविधिक निपुणता तथा पेशा सम्बन्धी दक्षता एवं अनुभव भएको संचालक वा संचालकहरूको कम्तीमा ५ प्रतिशत र बढीमा ८० प्रतिशतसम्म लगानी रहेको,

२) दुई वा दुई भन्दा बढी राष्ट्रमा कम्तीमा पाँच लाख टेलिफोन लाईन संचालन गरेको र त्यस्तो सेवा कम्तीमा तीन वर्षदेखि लगातार संचालन गरिरहेको,

३) कम्तीमा १० (दश) करोड रूपैयाँ नगद मौज्दात सहित कम्तीमा दुई अर्ब रूपैयाँ बराबरको लगानी जुटाउन सक्ने क्षमता रहेको,

४) निवेदक संस्थाका संचालक र कम्पनी कालो सूची (Black List) मा नपरेको ।

छ) अनुमतिपत्र प्रदान गर्दा अपनाइने प्रक्रिया: खण्ड (क) मा उल्लिखित दूरसञ्चार सेवा सञ्चालनका लागि अनुमतिपत्र प्राप्त गर्न चाहने व्यक्तिहरूबाट नेपाल दूरसञ्चार प्राधिकरणले अनुमतिपत्रको लागि निवेदन दिन ४५ दिनको न्यूनतम म्याद तोकी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । रेडियो फ्रिक्वेन्सी स्पेक्ट्रमको उपलब्धता, निवेदन छनौटको प्रक्रिया एवं आधार, निवेदन साथ पेश गर्नु पर्ने कागजात लगायत अन्य आवश्यक कुराहरू नेपाल दूरसञ्चार प्राधिकरणले सोही सूचनामा तोकिदिए बमोजिम हुनेछ ।

द्रष्टव्य

अनुमतिपत्र प्राप्त गर्ने निवेदकले खण्ड (ङ) को क्रम संख्या (४) बमोजिमको शर्त पूरा गरेपछि अन्तर्राष्ट्रिय टेलिफोन

सेवा सञ्चालनको स्वीकृति लिन चाहेमा थप रू. ६,२५,००,०००।- (छ करोड पच्चीस लाख रूपैयाँ) र नवीकरण वापत थप रू. ५,६२,५०,०००।- (पाँच करोड बैसट्ठी लाख पचास हजार रूपैयाँ) तिर्नु पर्नेछ ।

आज्ञाले,
शंकरप्रसाद कोइराला
नेपाल सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं.१६।०६२।६३

# भाग ५

नेपाल सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको

## सूचना

नेपाल सरकारले दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहायको दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरी सो सेवाको लागि अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुर, निवेदकको योग्यता र अनुमतिपत्र प्रदान गर्दा अपनाइने प्रक्रिया देहाय बमोजिम तोकेको छ :-

(क) **दूरसञ्चार सेवाको किसिम**: अन्तर्राष्ट्रिय ट्रङ्क टेलिफोन सेवा ।

(ख) **अनुमतिपत्र दस्तुर** : रु ६,२५,००,०००।- (छ करोड पच्चीस लाख रुपैयाँ) ।

(ग) **अनुमतिपत्र नवीकरण दस्तुर** : रु ५,६२,५०,०००।- (पाँच करोड बैसठ्ठी लाख पचास हजार रुपैयाँ) ।

(घ) **निवेदकको योग्यता** : नेपाल दूरसञ्चार प्राधिकरणवाट आधारभूत दूरसञ्चार सेवा (Basic Telecommunications Service) वा मोवाइल टेलिफोन सेवा सञ्चालनको लागि अनुमतिपत्र प्राप्त गरी कम्तीमा एक लाख लाइन टेलिफोन सञ्चालन गरेको ।

(ङ) **अनुमतिपत्र प्रदान गर्दा अपनाइने प्रक्रिया** : खण्ड (क) मा उल्लिखित दूरसञ्चार सेवा सञ्चालनका लागि अनुमतिपत्र प्राप्त गर्न चाहने व्यक्तिवाट नेपाल दूरसञ्चार प्राधिकरणले अनुमतिपत्रको लागि निवेदन दिने म्याद तोकी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

आज्ञाले,

शंकर प्रसाद कोइराला

नेपाल सरकारको का.मु.सचिव

## नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालयको सूचना

नेपाल सरकारले दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार प्राधिकरणको सिफारिसमा देहायको दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने निर्णय गरी सोको लागि अनुमतिपत्र दस्तुर, अनुमतिपत्र नवीकरण दस्तुर, आवश्यक योग्यता र शर्तहरु देहाय बमोजिम तोकेको छः-

१ **दूरसञ्चार सेवाको किसिमः** आधारभूत टेलिफोन सेवा

**स्पष्टीकरणः** "आधारभूत टेलिफोन सेवा" भन्नाले स्थानीय टेलिफोन सेवा (Local Telephone Service), अन्तरदेशीय टेलिफोन सेवा (Domestic Trunk Telephone Service), अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा (Intenational Long Distance Service) र सेलुलर मोवाईल दूरसञ्चार सेवा (Celullar Mobile Telephone Service) सम्झनु पर्छ ।

२ **अनुमतिपत्र दस्तुरः** रु ३५,७५,००,०००।-(पैंतीस करोड पचहत्तर लाख रुपैयाँ) ।

३ **अनुमतिपत्र नवीकरण दस्तुरः** रु २०,१३,२७,५०,०००(बीस अरब तेह्र करोड सत्ताईस लाख पचास हजार रुपैयाँ) ।

४ **अनुमतिपत्रको अवधिः** १० वर्ष ।

५ **अनुमतिपत्र प्राप्त गर्न आवश्यक योग्यता र शर्तहरु :-**

(क) कुनै दुरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त गरिसकेको हुनु पर्नेः- आधारभूत टेलिफोन सेवाको अनुमतिपत्रको निमित्त देहायको मध्ये कुनै दुरसञ्चार सेवाको अनुमतिपत्र प्राप्त गरिसकेको हुनु पर्नेछ :-

(१) निश्चित क्षेत्रभित्र मात्र सीमित रहने तार रहित टेलिसञ्चारमा आधारित Limited Mobility सेवा ।

(२) ग्रामीण दूरसञ्चार सेवा (पूर्वाञ्चल विकासक्षेत्र)।

(३) ग्रामीण दूरसञ्चार सेवा (पूर्वाञ्चल विकासक्षेत्र बाहेक)।

(४) आधारभूत दूरसञ्चार सेवा (Basic Telecommunications Service)।

(ख) आवश्यक योग्यता:

(१) यो सूचना प्रकाशन हुनु अघि प्राप्त गरेको अनुमतिपत्र वापत तथा प्रचलित कानून बमोजिम नेपाल सरकार तथा नेपाल दूरसञ्चार प्राधिकरणलाई तिर्नु बुझाउनु पर्ने दस्तूर तथा सम्पूर्ण बक्यौता चुक्ता गरेको हुनु पर्ने।

(२) माथि खण्ड (क) मा लेखिएका कुनै सेवाको अनुमतिपत्र प्राप्त गर्दा त्यस्तो अनुमतिपत्रमा नेपालको कुनै खास क्षेत्रमा कुनै खास सेवा पुऱ्याउनु पर्ने गरी अनिवार्य शर्त तोकिएको भएमा त्यस्तो सम्पूर्ण शर्त पूरा गरी सेवा सञ्चालन गरेको हुनु पर्ने।

(३) माथि खण्ड (क) मा लेखिएका कुनै सेवाको अनुमतिपत्र लिएका अनुमतिपत्र प्राप्त व्यक्तिले सो अनुमतिपत्रमा अनिवार्य रुपमा सेवा पुऱ्याउनु पर्ने भनी उल्लेखित गाउँ विकास समितिसंग संवन्धित जिल्ला विकास समितिको प्रत्येक इलाकामा कम्तीमा एउटा एक्सचेञ्ज वा एउटा BTS स्थापना गरी सो क्षेत्रमा माग अनुसारको टेलिफोन सेवा विस्तार गर्ने पूर्वाधार स्थापना गरेको हुनु पर्ने। माथि खण्ड (क) को उपखण्ड (२) र (३) को अनुमतिपत्र प्राप्त व्यक्तिको हकमा उपखण्ड (१) बमोजिमको लिमिटेड मोबिलिटी सेवाको अनुमतिपत्र प्राप्त गरेको जिल्लामा सो बमोजिमको पूर्वाधार स्थापना गरेको हुनु पर्ने।

(ग) सेवा सञ्चालन सम्बन्धी शर्त:

(१) यो सूचना प्रकाशन हुनु अघि सेलुलर मोबाइल सेवाको अनुमतिपत्र प्राप्त व्यक्तिको हकमा अनुमतिपत्रको अवधि तथा नवीकरण दस्तूर र सेवा सम्बन्धी शर्त सोही

अनुमतिपत्रमा लेखिए बमोजिम हुनेछ। त्यस्ता अनुमतिपत्र प्राप्त व्यक्तिले देहायका सेवाहरुमध्ये कुनै सेवाको अनुमतिपत्र लिन चाहेमा देहायको अनुमतिपत्रको निमित्त देहायको दस्तुर तिरी देहाय बमोजिमको नवीकरण दस्तुर बुझाउने गरी अनुमतिपत्र लिन सक्नेछ:–

| क.सं. | सेवाको नाम | अनुमतिपत्र दस्तुर | अनुमतिपत्र नवीकरण दस्तुर |
|---|---|---|---|
| (क) | स्थानीय टेलिफोन सेवा (Local Telephone service) | ५ करोड रुपैयाँ | ४ करोड ५० लाख रुपैयाँ |
| (ख) | अन्तरदेशीय टेलिफोन सेवा (Domestic Trunk Telephone Service) | ३ करोड ५० लाख रुपैयाँ | ३ करोड १५ लाख रुपैयाँ |
| (ग) | अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा (International Long Distance Service) | ६ करोड २५ लाख रुपैयाँ | ५ करोड ६२ लाख ५० हजार रुपैयाँ |

(२) यो सूचना प्रकाशन हुँदाका बखत माथि खण्ड (क) मा लेखिएका सेवा मध्ये कुनै सेवाको अनुमतिपत्र लिएकोमा त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिले त्यसरी लिएको अनुमतिपत्र बमोजिमको सेवा सोही अनुमतिपत्र बमोजिम सञ्चालन गर्न सक्नेछ ।

(३) माथि खण्ड (क) मा लेखिएका सेवाको अनुमतिपत्र प्राप्त व्यक्तिले यो सूचना प्रकाशन भएपछि सो अनुमतिपत्रमा उल्लेखित क्षेत्रमा सो अनुमतिपत्रमा लेखिए बमोजिमको सेवा सञ्चालनको लागि हाल प्रयोग गरिरहेको प्रविधिको प्रतिस्थापना (Replace) गर्न बाहेक थप काम वा थप क्षेत्र विस्तार गर्न वा कुनै पनि नयाँ प्रविधि प्रयोग गर्न पाउने छैन । त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिलाई 3G, CDMA(EVDO), 4G(LTE) लगायतका नयाँ प्रविधिको सुविधा वा अनुमतिपत्र दिइने छैन ।

(४) माथि खण्ड (क) मा लेखिएका सेवाको अनुमतिपत्र प्राप्त व्यक्तिले यो सूचना प्रकाशन भएपछि स्थानीय टेलिफोन सेवा (Local Telephone Service) वा अन्तरदेशीय टेलिफोन सेवा (Domestic Trunk Telephone Service) वा अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा (Intenational Long Distance Service) वा सेलुलर मोबाईल दूर

सञ्चार सेवा (Celullar Mobile Telephone Service) मध्ये कुनै सेवा सञ्चालन गर्न चाहेमा यस सूचना बमोजिमको आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र लिनु पर्नेछ ।

६ **देहायका सूचनाहरु खारेज गरिएका छन् :-**

(क) खण्ड ५०, संख्या २४, मिति २०५७।६।९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित ग्रामीण दुरसञ्चार सेवा (पूर्वाञ्चल विकास क्षेत्र) सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने सम्बन्धी यस मन्त्रालयको सूचना ।

(ख) खण्ड ५५, संख्या, ४६, मिति २०६२।११।२२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित निश्चित क्षेत्रभित्र मात्र सीमित रहने तार रहित टेलिसञ्चारमा आधारित Limited Mobility सेवा सञ्चालन गर्न अनुमतिपत्र दिने सम्बन्धी यस मन्त्रालयको सूचना ।

(ग) खण्ड ५७, संख्या १६, मिति २०६४।४।१४ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित पूर्वाञ्चल विकास क्षेत्र वाहेक नेपालभर ग्रामीण दुरसञ्चार सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने सम्बन्धी यस मन्त्रालयको सूचना ।

(घ) खण्ड ५७, संख्या २०, मिति २०६४।५।१० को नेपाल राजपत्र भाग ५ मा प्रकाशित आधारभूत दुरसञ्चार सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने सम्बन्धी यस मन्त्रालयको सूचना ।

(ङ) खण्ड ५७, संख्या २५, मिति २०६४।६।१४ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने सम्बन्धी यस मन्त्रालयको सूचना ।

आज्ञाले,
**अवनीन्द्रकुमार श्रेष्ठ**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–
गो.हु.द.नं. १६।०६२।६३